# सिमकोट गाउँपालिका

## स्थानीय राजपत्र

**भाग १** **खण्ड : १०** **संख्याः २**

## सिमकोट गाउँपालिकालको लोगो २०८३

गाउँ सभाबाट पारित मिति २०८३/०३/१०

प्रमाणीकरण मिती २०८३/०३/१५

## सिमकोट गाउँपालिकालको लोगो

I. राष्ट्रिय झण्डा र स्याउका दाना: लोगोको सबै माथिल्लो भागमा नेपालको राष्ट्रिय झण्डा र दुवैतर्फ हुम्लाको अर्गानिक फल स्याउको ४/४ वटा दाना रहनेछ, जसले राष्ट्रियता र वडागत एकतालाई जनाउँनेछ ।

II. हात मिलाएको र कागुनो/चिनो/कोदो/जौको बाला: लैंगिक समानता र सामाजिक सद्भाव दर्शाउन पुरुष र महिलाको हात मिलाएको दृश्य र हुम्लाको स्थानीय रैथाने बालीका बालाहरूले तल्लो घेरालाई थाम्नेछन् । हात मिलाएको र रातो रिवनमाथि सिमकोट गाउँपालिका, हुम्ला लेखिएको विच भागमा गाउँपालिकाको नारा "उच्च हिमाली, विविधतायुक्त व्यापारिक र पर्यटकीय शहरः समृद्ध हाम्रो सिमकोट नगर" लेखिएको हुनेछ ।

III. रातो रिबन: सबैभन्दा तल रातो रिबनमा गाउँपालिकाको "सिमकोट गाउँपालिका, हुम्ला" र तल्लो भागमा स्थापना वर्ष २०७३ स्पष्ट नेपाली फन्टमा लेखिनेछ।

IV. मध्य भाग: भौगोलिक नक्सा र प्राकृतिक सम्पदाः सिमकोट गाउँपालिकाको नक्सा पृष्ठभूमिमा चाङ्ला, पञ्चमुखी हिमाल सेतो हिमालका चुचुराहरु र हरियो डाँडालाई राखिनेछ ।

V. कर्णाली नदीः हुम्ला कर्णाली र दोजाम कर्णाली नदिको संकेत गर्ने गरि नक्साको परिधि हुँदै गाउँपालिकाभित्र बहने नेपालकै लामो नदी हुम्ला कर्णालीको निलो जलधारा (नदीको रूप) लाई घुमाउरो गरी बगिरहेको देखाइनेछ ।

VI. सांस्कृतिक तथा जैविक विविधताः रलिङ्गगुम्बा(बौद्ध संस्कृति), कालासिल्ता र राम्पाल माँडु (हिन्दू संस्कृति)लाई लोगोको एकातर्फ धार्मिक सहिष्णुता र ऐतिहासिकता झल्काउन कलात्मक स्तुपा र गजुरसहितको मन्दिर रहनेछ । जसले यस क्षेत्रको बहुसांस्कृतिक र वहुधार्मिक सद्भावलाई प्रतिनिधित्व गर्नेछ ।

VII. स्थानीय वनस्पति (जैविक सम्पदा): लोगोको भित्री कोखमा हरियो रङको प्रयोग गरी यहाँ पाइने विशिष्ट वनस्पतिहरू जस्तै लौठ सल्लो, धुपि, र भोजपत्रका पात वा रुखको सानो स्केच समेटिनेछ, जसले पालिकाको वन र जडीबुटी सम्पन्नतालाई झल्काउनेछ।

VIII. पशुपालनः अर्को हाम्रो पहिचान बोकेको स्थानीय पशुपालनलाई पनि समावेश गरि संकेत गर्न विचभागमा चौरी गाई र भेडा जातिलाई संकेत गर्नेछ ।

IX. रङ संयोजन निलो: हुम्ला कर्णाली, दोजाम कर्णाली, दुधेदह र लडेदहका लागि जसले शान्ति, स्वच्छ पानी र प्राकृतिक स्रोतलाई बुझाउँछ।

X. सेतो/चाँदी: पञ्चमुखी/चाङ्ला हिमालका लागि जसले सिमकोटको उच्चता, पवित्रता र हिमालको पहिचान दिनेछ ।

XI. हरियो रङ्गः वन क्षेत्र, लौठ सल्लो, भोजपत्र र पर्यावरणका लागि जसले पालिकाको प्रकृति, समृद्धि र विकासलाई संकेत गर्छ ।

XII. सुनौलो रङ्गः लोगोको तल्लो भूभाग जस्तै कृषि क्षेत्र, खानी तथा खनिजको सम्भावना र उर्वरताका लागि संकेत गर्नेछ ।

**<u>आज्ञाले</u>**
भलाराम पंगाली
प्रमुख प्रशासकीय अधिकृत